Riviera International Academy
www.riviera.edu.np

आदरणीय अभिभावकज्यू,

नोभेल कोरोना भाइरसको सङ्क्रमणको सम्भावनालाई मध्यनजर गर्दै नेपाल सरकार शिक्षा मन्त्रालयले यही चैत्र ५ गते सम्ममा कक्षा ९ सम्मका सम्पूर्ण परीक्षाहरू सम्पन्न गर्न निर्देशन जारी गरे बमोजिम यस विद्यालयको वार्षिक परीक्षा तालिकामा परिवर्तन गरिएको जानकारी गराउन चाहन्छौं । सोही अनुसार यस शैक्षिक सत्र २०७६ को वार्षिक परीक्षा यही फागुन २८ गते बुधबारदेखि चैत्र ५ गते बुधबारसम्म सञ्चालन गरिने कुरा अवगत गराउन चाहन्छौं । यही फागुन २४ गते शनिबारदेखि २६ गते सोमबारसम्म बिदाका दिनहरू परीक्षा तयारी बिदाको रूपमा रहने भएकाले उक्त दिनहरूमा आफ्ना नानीबाबुहरूलाई परीक्षाको पूर्ण तयारी गराइ दिनुहुनका लागि हार्दिक अनुरोध गर्दछौं । यही फागुन २७ गते मङ्गलबार विद्यालय पूर्ण रूपमा सञ्चालन हुने कुरा पनि जानकारी गराउन चाहन्छौं ।

**पुनश्च :** यही फागुन २४ गते शनिबार अभिभावक – विद्यालय अन्तरक्रिया कार्यक्रम गरिने सूचना पठाइएको भए तापनि नेपाल सरकारले विद्यालयहरूलाई विद्यालयमा भेला गर्ने कार्यक्रम नगर्न निर्देशन दिए बमोजिम उक्त कार्यक्रम हाललाई स्थगित गरिएको कुरा जानकारी गराउन चाहन्छौं । अभिभावकहरूको चासोलाई सम्बोधन गर्न अभिभावक सुझाब फारम पठाएका छौं , यहाँहरूका गुनासा तथा सुझावहरू भएमा उक्त फारममा भरी पठाइ दिनुहुन हार्दिक अनुरोध गर्दछौं । धन्यवाद ।

............

प्रिन्सिपल

मिति २०७६।११।२२